# घर फर्काउने (take-homes) बारेमा अभिभावक र हेरचाहकर्ताहरूको लागि जानकारी

Government of South Australia
Department for Education

Nepali / नेपाली

‘आपतकालिन व्यवहार’ को प्रतिक्रिया स्वरूप विद्यालयहरूले टेक-होम (घर फर्काउने) प्रयोग गर्छन् ।

‘आपतकालिन व्यवहार’ तब हुन्छ जब:

- विद्यार्थीको व्यवहारले आफूलाई वा अरूलाई हानि हुने जोखिममा पार्छ
- विद्यार्थीलाई विद्यालयमा सुरक्षित रूपमा सहयोग गर्न सकिँदैन ।

एक अभिभावकले निर्णय गर्न सक्छ कि तपाईंको बच्चा तपाईं वा उनीहरूको हेरचाहकर्तासँग स्कूल दिनको बाँकी समयका लागि घर फर्कन आवश्यक छ ।

## यदि तपाईंको बच्चाले टेक-होम पाएमा के गर्ने?

तपाईंको बच्चाले किन टेक-होम प्राप्त गर्यो व्याखा गर्न र जानकारी साझा गर्न स्कूलले तपाईंलाई सम्पर्क गर्नेछ

विद्यालयले सक्दो प्रयास गर्नेछ।

यदि तपाईं उपलब्ध हुनुहुन्न भने, स्कूलले तपाईंको बच्चालाई लिन आउने कोही खोज्न सबै सूचीबद्ध आपतकालीन सम्पर्कहरू प्रयास गर्नेछ ।

शान्त रहनुहोस् र के भयो भनेर आफ्नो बच्चासँग कुरा गर्नुहोस् । स्कूलसँग कुरा गर्नुहोस् र योजना बनाउन सँगै काम गर्नुहोस् ।

## प्रधानाध्यापकहरूले टेक-होम किन प्रयोग गर्छन् भन्ने कारणहरू

धेरैजसो विद्यार्थीहरूले सुरक्षित व्यवहार गर्छन् तर कहिलेकाँही तिनीहरू:

- उनीहरूसँग सुरक्षित हुन आवश्यक सीपहरू छैनन्
- अझै पनि सञ्चार, भावनात्मक वा सामाजिक सीपहरू सिक्दै छन्
- उनीहरू निराश, तनावग्रस्त वा अस्वस्थ महसुस गर्ने भएकाले आफ्नो सीपहरू प्रयोग गर्न सक्दैनन्
- तिनीहरूको आवश्यकताहरू आफूलाई वा अन्य मानिसहरूलाई चोट पुर्याउन सक्ने तरिकाले पूरा गर्ने प्रयास गर्छन्।

अभिभावकले आपतकालिन व्यवहारमा टेक-होम दिन आवश्यक पर्दछ जब:

- विद्यार्थीको व्यवहार असुरक्षित, गम्भीर र लामो समयसम्म रहन्छ
- सफलताबिना सो विद्यार्थीलाई सहयोग गर्न उचित प्रयास गरिएको छ
- विद्यार्थी सुरक्षित रूपमा विद्यालयमा बस्नका लागि धेरै क्रोधित, त्रसित वा व्यथित रहन्छ ।

## के भयो भन्नेबारेमा जानकारी सङ्कलन गर्ने

स्कूलले तपाईंको बच्चाबाट के भयो भनेर पत्ता लगाउने प्रयास गर्नेछ । यदि तपाईंको बच्चा कुरा गर्न धेरै अप्ठ्यारोमा छ भने, स्कूलले अन्य व्यक्तिहरूको जानकारी प्रयोग गर्न सक्छ । तिनीहरूले के भयो भनेर बुझ्न र भविष्यमा तपाईंको बच्चालाई सहयोग गर्न जानकारी सङ्कलन गरिरहनेछन् ।

## टेक-होमपछि पुनः जडान

तपाईंको बच्चाले अर्को दिन नयाँ सुरुवात पाउँछ । तपाईंको बच्चालाई शिक्षामा फर्कन मद्दत गर्ने योजनाको बारेमा स्कूलले तपाईंसँग कुरा गर्नेछ ।

## बारम्बारको टेक-होम

यदि तपाईंको बच्चाको व्यवहार बारम्बारको लागि आपतकालिन छ भने, स्कूलले निम्न कुराहरूको लागि पुन: जडान बैठकको व्यवस्था गर्नेछ:

- तपाईंको बच्चाको आवश्यकताहरू हेर्न
- कुन सहायताले मद्दत गर्न सक्छ भनेर छलफल गर्न
- व्यवहार सहायता योजना विकास वा अद्यावधिक गर्न।

# घर फर्काउने (take-homes) बारेमा अभिभावक र हेरचाहकर्ताहरूको लागि जानकारी

## व्यवहार सहायता योजना

तपाईंको बच्चाको सुरक्षित र सकारात्मक व्यवहारलाई सहायता गर्न एक व्यवहार सहायता योजना विकसित गरिएको छ । सो योजनामा निम्न कुराहरू समावेश हुनुपर्दछ:

- तपाईंको बच्चालाई सुरक्षित र सकारात्मक व्यवहारको लागि आवश्यक सीपहरू
- तपाईंको बच्चाले यी सीपहरू कसरी सिक्नेछ र कसले उनीहरूलाई मद्दत गर्नेछ
- तपाईंको बच्चा अझै पनि सीपहरू सिक्दै र अभ्यास गर्दै गर्दा चीजहरू कसरी सुरक्षित र सकारात्मक हुन सक्छन्
- तपाईंको बच्चाले प्रगति गरिरहेको छ भनेर सबैलाई कसरी थाहा हुन्छ?
- यदि भविष्यमा उनीहरूको व्यवहारको बारेमा चिन्ता छ भने तपाईंको बच्चालाई कसरी सहयोग गरिनेछ
- सबैको भूमिका ।

यदि तपाईंको बच्चासँग पहिले नै एक योजना (One Plan) छ भने, तिनीहरूको व्यवहार सहायता योजनालाई सो एक योजनामा समावेश गर्न सकिन्छ ।

## यदि तपाईं बच्चालाई टेक-होम गर्नुपर्ने प्रधानाध्यापकको निर्णयबाट असन्तुष्ट हुनुहुन्छ भने

यदि तपाईंलाई लाग्छ कि तपाईंको बच्चाको टेक-होम आवश्यक थिएन भने, तपाईंको बच्चाको स्कूलसँग काम गर्ने प्रयास गर्नुहोस् । यदि तपाईं स्कूलसँग कुराहरू मिलाउन सक्नुहुन्न भने, तपाईं शिक्षा विभाग ग्राहक प्रतिक्रिया एकाइमा गुनासो गर्न सक्नुहुन्छ:

- फोन 1800 677 435 (टोल फ्री) ।
- https://www.education.sa.gov.au/ मा जानुहोस् र स्कूलका उजुरीहरू (School complaints) वा उजुरी गर्न सहयोग खोज्नुहोस् ।

तपाईंले टेक-होम प्रक्रियाको बारेमा थप जानकारी निम्न तरिकाले पाउन सक्नुहुन्छ:

- प्रधानाध्यापक वा अन्य विद्यालय प्रमुखसँग अपोइन्टमेन्ट लिएर
- तपाईंको स्थानीय शिक्षा कार्यालयमा सम्पर्क गरेर
- शिक्षा विभागलाई 8226 1000 मा फोन गरेर
- शिक्षा विभागको वेबसाइट https://www.education.sa.gov.au/ मा गएर 'take-home' (टेक-होम) खोजेर ।